## खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७२

**स्वीकृत <u>मिति २०७२।०९।२५</u>**

**<u>प्रस्तावना</u>**: पत्रकारिता मार्फत नेपालको खेलकुद क्षेत्रको विकास र विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउनु हुने नेपाली खेलकुद पत्रकारलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउन बाञ्छनीय भएकोले युवा तथा खेलकुद मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १.
### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यो कार्यविधिको नाम "खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "खेलकुद पत्रकार" भन्नाले विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट खेलकुद क्षेत्रमा पत्रकारिता गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ख) "खेलकुद पत्रकारिता पुरस्कार" भन्नाले नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयबाट नेपालको खेलकुदका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका नेपाली खेलकुद पत्रकारहरुलाई प्रदान गर्ने पुरस्कार सम्झनु पर्छ ।

(ग) "खेलकुद पत्रकारिता पुरस्कार छनौट समिति" भन्नाले दफा ३ बमोजिमको खेलकुद पत्रकारिता पुरस्कार छनौट समिति सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "सचिवालय" भन्नाले खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालय सम्झनु पर्छ ।

### परिच्छेद - २
### <u>खेलकुद पत्रकारिता पुरस्कार छनौट सम्बन्धी व्यवस्था</u>

३. **<u>खेलकुद पत्रकारिता पुरस्कार छनौट समिति</u>** : (१) खेलकुद पत्रकारिता पुरस्कार छनौट गर्नका लागि देहाय बमोजिम खेलकुद पत्रकारिता पुरस्कार छनौट समिति रहनेछ ।

(क) महाशाखा प्रमुख (खेलकुद हेर्ने) युवा तथा खेलकुद मन्त्रालय -संयोजक

(ख) प्रतिनिधि (उप-सचिवस्तर),राष्ट्रिय खेलकुद परिषद् -सदस्य

(ग) शाखा प्रमुख, खेलकुद प्रतियोगिता शाखा, युवा तथा खेलकुद मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) उपदफा (१) बमोजिम खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको बैठकको कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. **<u>खेलकुद पत्रकारिता पुरस्कारको लागि छनौटको क्षेत्र</u>** : खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले देहायका क्षेत्रमा आधारित खेलकुद पत्रकारिता पुरस्कार छनौट गर्न सक्नेछ ।

(क) मोफसलका खेलकुद गतिविधिहरुको विकास र विस्तारमा क्रियाशील,

(ख) खेल पत्रकारितालाई निरन्तर रुपमा अंगालेको,

(ग) छापा तथा विद्युतीय माध्यमलाई प्रचार तथा प्रसारको आधार बनाएको,

(घ) खेलकुद पत्रकारिता मार्फत पूर्वाधार, प्रशिक्षण, प्रोत्साहन, प्रतियोगिता र खेल सुशासनका विषयवस्तुमा योगदान पुऱ्याएको,

(ङ) स्वतन्त्र खेल पत्रकारिताको प्रवर्द्धन,

(च) सकारात्मक, सिर्जनात्मक तथा अन्वेषणात्मक रचनाहरुको नियमित प्रचार तथा प्रसार गरेको,

(छ) खेलकुद गतिविधिहरुको प्रत्यक्ष प्रसारण, खेल भिडियो प्रसारण, साहसिक खेलकुदको प्रवर्द्धन जस्ता क्रियाकलापमा संलग्न भएको ।

५. **खेलकुद पत्रकारिता पुरस्कारको लागि छनौटको आधार :** खेलकुद पत्रकारिता पुरस्कारको लागि छनौट गर्दा देहाय कुराहरुलाई प्रमुख आधारको रुपमा लिइनेछ :-

(क) खेलकुदको विकास र विस्तारमा विशिष्ट योगदान पुऱ्याएको,

(ख) कम्तीमा पनि विगत ५ वर्षदेखि खेलकुद पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको,

(ग) कालो सूचीमा नपरेको,

(घ) पेश्की तथा बेरुजु कायम नभएको, नरहेको,

(ङ) सम्पादित कार्यको विद्युतीय प्रति (Recordings) ।

६. **खेलकुद पत्रकारिता पुरस्कारको लागि छनौटको प्रक्रिया** : (१) खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयको काम मन्त्रालयको खेलकुद प्रतियोगिता शाखाले गर्नेछ ।

(२) मन्त्रालयको खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयले प्रत्येक आर्थिक वर्षमा खेलकुद पत्रकारिता पुरस्कार आवेदनका लागि कम्तीमा पन्ध्र दिनको सार्वजानिक सूचना प्रकाशन गर्नेछ ।

(३) मन्त्रालयको खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयबाट सार्वजनिक सूचना प्रकाशन भएपछि आवेदकहरुले अनुसूची - १ बमोजिमको ढाँचामा मन्त्रालयको खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयमा आवेदन दिनु पर्नेछ ।

(४) मन्त्रालयको खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयमा प्राप्त आवेदनहरु रित पुगेको मात्र दर्ता गर्नु पर्नेछ ।

(५) खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) मन्त्रालयको खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिको सचिवालयमा दर्ता भएका आवेदनहरुलाई खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले अनुसूची - २ बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

(७) खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले उपदफा (६) बमोजिम मूल्याङ्कन भएको आवेदनहरुमध्येबाट सर्वोत्कृष्ट अंक ल्याउने एक जना महिला र एक जना पुरुष गरी दुई जना खेलकुद पत्रकारलाई छनौट गर्नु पर्नेछ ।

(८) खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले खेलकुद पत्रकारको नाम छनौट गर्ने सम्बन्धमा यस कार्यविधिमा उल्लेख भए बाहेक अन्य कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## विविध

७. **खेलकुद पत्रकारिता पुरस्कारको रकम** : प्रत्येक आर्थिक वर्षमा खेलकुद पत्रकारिता पुरस्कार छनौट समितिले खेलकुद पत्रकारिता पुरस्कारका लागि छनौट भएका नेपाली खेलकुद पत्रकारलाई मन्त्रालयले जनही रु. ५० हजारका दरले पुरस्कार प्रदान गर्नेछ ।

८. **बजेटको व्यवस्था** : यस कार्यविधि बमोजिम खेलकुद पत्रकारिता तथा सम्मानका लागि आवश्यक रकमको व्यवस्था मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम हुनेछ।

९. **सम्मान पुरस्कारको प्रमाण-पत्र :** खेलकुद पत्रकारिता सम्मान पुरस्कारको प्रमाण-पत्र मन्त्रालयले तोकिएको ढाँचामा हुनेछ।

१०. **बाधा अड्काउ फुकाउने :** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

**अनुसूची - १**
**(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानका लागि मन्त्रालयमा दिइने आवेदनको ढाँचा</u>**

मिति ........................

श्रीमान् सचिवज्यू,
युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : खेलकुद पत्रकारिता पुरस्कार तथा सम्मानद्वारा सम्मानित गरी पाऊँ ।

महोदय,

युवा तथा खेकलुद मन्त्रालयद्वारा मिति.........................मा प्रकाशित सार्वजानिक सूचना अनुसार यस आर्थिक वर्षमा सम्मानित गरिने पत्रकारिता पुरस्कारबाट सम्मानित गरी पाऊँ भनी तपसिल बमोजिमका विवरण र कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेको छु ।

१. नाम,थर :-.........................................................
२. ठेगाना :-
   (क) स्थायी ठेगाना : अञ्चल :........................... जिल्ला :.....................
   गा.वि.स/न.पा......................... वडा नं............. टोल................
   मोबाइल नं................................ इमेल..................................
   (ख) अस्थायी ठेगाना : अञ्चल :........................... जिल्ला :.....................
   गा.वि.स/न.पा......................... वडा नं............. टोल................
३. लिङ्ग :- पुरुष/स्त्री/तेश्रो लिङ्गी
४. जन्म मिति (वि.सं.) :........................ (इ.सं.)........................
५. नेपाली नागरिकताको प्रमाण-पत्रको नं., नागरिकता जारी भएको मिति र जिल्ला..................................................(नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ )
६. बाबुको नाम थर :....................................................
७. आमाको नाम थर :........................................................
८. शैक्षिक योग्यता.........................(प्रमाण-पत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ)
९. अपाङ्गता भएमा सोको विवरण :......................................
१०. खेलकुद पत्रकारिता पुरस्कारबाट सम्मानित हुनका लागि गरिएका उल्लेखनीय कार्यहरुको विवरण :
११. अन्य थप विवरण भएमा :................

<u>आवेदकको</u>
हस्ताक्षर:-
नाम थर :-
पद :-
मिति :-

**अनुसूची - २**
**(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)**

**खेलकुद पत्रकारिता पुरस्कारको लागि मूल्याङ्कनका आधार**

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १ | मोफसलका खेलकुद गतिविधिहरुको विकास र विस्तारमा क्रियाशील । | १५ |
| २ | खेल पत्रकारितालाई निरन्तर रुपमा अंगालेको (कम्तीमा पनि विगत ५ वर्षदेखि खेलकुद पत्रकारिता क्षेत्रमा क्रियाशील रहेको) | १० |
| ३ | छापा तथा विद्युतीय माध्यमलाई प्रचार प्रसारको आधार बनाएको | १० |
| ४ | खेलकुद पत्रकारिता मार्फत पूर्वाधार, प्रशिक्षण, प्रोत्साहन, प्रतियोगिता र खेल सुशासनका विषयवस्तुमा आधारित रही योगदान पुऱ्याएको । | १५ |
| ५ | नियमित तथा वैतनिक रुपमा कुनै संस्था प्रति आवद्ध नभएको स्वतन्त्र खेल पत्रकार | ५ |
| ६ | सकारात्मक, सिर्जनात्मक तथा अन्वेषणात्मक रचनाहरुको नियमित प्रचार प्रसार | १५ |
| ७ | खेलकुद गतिविधिहरुको प्रत्यक्ष प्रसारण, खेल भिडियो प्रसारण, साहसिक खेलकुदको प्रवर्द्धन जस्ता क्रियाकलापमा संलग्न । | १५ |
| ८ | सम्पादित कार्यको विद्युतीय प्रति (Recordings) | १५ |
| | जम्मा | १०० |